# नेपाल प्रहरी अस्पताल महाराजगंज, काठमाण्डौ

**सूचना नं. १०/०७८/०७९**

**सूचना प्रकाशित मितिः २०७८/१०/२५ गते।**

मेडिकल डाईरेक्टर
( डा. आशा सिंह )
प्रा.प्रहरी अतिरिक्त महानिरीक्षक

## बिद्युतिय बोलपत्र आह्वान गरिएको सूचना

यस अस्पतालमा आ.व.२०७८।०७९ को लागि आवश्यक पर्ने विभिन्न मेशिनरी उपकरण तथा औजारहरू बिद्युतिय बोलपत्रको माध्यमद्वारा खरिद गर्नको लागि सूचनामा उल्लेखित शर्तहरूको अधीनमा रही ईजाजत प्राप्त ईच्छुक फर्म, संस्था तथा कम्पनीहरूबाट रितपूर्वक बिद्युतिय बोलपत्र आह्वान गरिएको छ । बिद्युतिय बोलपत्र सार्बजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np/egp मार्फत पेश गर्नु पर्ने छ।

## बिद्युतीय बोलपत्र स्वीकृत गर्ने आशय-पत्र जारी भएको सूचना

यस अस्पतालमा आको लागि आवश्यक पर्ने २०७८।०७९.व. विभिन्न सामाग्रीहरू बिद्युतिय बोलपत्रको माध्यमद्वारा खरिद गर्नको लागि मिति २०७८/०९/०८ गते बिहिबार गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित सूचना नं. ०८/०७८/०७९ अनुसार ठेक्का नं. NPH/NCB/08/078/079/01 को Diesel Generator - 1 Set, ठेक्का नं. NPH/NCB/08/078/079/02 को Electrical Control Panel Board and Allied Systems - 1 Set र ठेक्का नं. NPH/NCB/08/078/079/04 को Ambulance (Category B) - 2 Sets लगायतका मेशिनरी उपकरण तथा औजारहरू सारभूत रुपमा प्रभावग्राही भई सफल भएका बोलपत्रहरू मध्ये तुलनात्मक तालिकामा न्यूनतम मूल्याङ्कित बोलपत्रहरू स्वीकृतिको लागि छनौट गरिएकोले सार्वजनिक खरिद ऐन २०६३ (संशोधन सहित) को दफा २७ को उपदफा २ को प्रयोजनार्थ यस अस्पतालबाट मिति २०७८।१०।२४ गते आशयपत्र जारी भएको सूचना प्रकाशित गरिएको छ। साथै सो सम्बन्धमा चित्त नवुझेमा मिति २०७८।११।०१ गते कार्यालय समय भित्र नियमानुसार कार्यालय प्रमुख समक्ष लिखित निवेदन दिन हुन सूचित गरिएको छ।

## बिद्युतीय बोलपत्र अस्वीकृत गरी पुनः दोश्रो पटक बिद्युतीय बोलपत्र आह्वान गरिएको सूचना

यस अस्पतालमा आ.व.२०७८।०७९ को लागि आवश्यक पर्ने विभिन्न सामाग्रीहरू बिद्युतिय बोलपत्रको माध्यमद्वारा खरिद गर्नको लागि मिति २०७८/०९/०८ गते बिहिबार गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित सूचना नं. ०८/०७८/०७९ अनुसार ठेक्का नं. NPH/NCB/08/078/079/04 को Mortuary Vehicle -2 Sets को लागि पेश भएका बोलपत्रलाई सार्वजनिक खरिद ऐन २०६३ (संशोधन सहित) तथा सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन सहित) बमोजिम मूल्याङ्कन गर्दा कुनै पनि बोलपत्र सारभूतरूपमा प्रभावग्राही नभएकोले उक्त बोलपत्र अस्वीकृत गरी खरिद कारवाही रद्द गरिएको हुँदा Mortuary Vehicle -2 Sets खरिद गर्नको लागि पूनः दोश्रो पटक बिद्युतीय बोलपत्र आह्वानको सूचना प्रकाशित गरिएको छ।

विस्तृत जानकारीको लागि यस अस्पतालको आर्थिक प्रशासन/ प्रबन्ध शाखाको टेलिफोन नं. ०१-४४१२४३०, ०१-४४१२५३०, Ext. No. १२५/१२८ मा सम्पर्क गर्न हुन वा www.ppmo.gov.np, www.nepalpolice.gov.np र www.nph.nepalpolice.gov.np मा समेत हेर्न सकिने ब्यहोरा सुचित गरिएको छ।